# पिको, लघु तथा साना जलविद्युत आयोजनाहरुको अन्तिम किस्ता दावी गर्ने सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०७७/०५/२४)**

यस केन्द्रद्वारा सन् १९९८ देखि सन् २०१२ सम्म प्रथम तथा दोस्रो चरणमा संचालित ऊर्जा क्षेत्र सहयोग कार्यक्रम (ESAP) र सन् २०१२ देखि सन् २०१७ सम्म सञ्चालित राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम (NRREP) अर्न्तगत स्वीकृत भई जडान भएका आयोजनाहरुमध्ये लघु तथा साना जलविद्युत आयोजनाहरुको हकमा शक्ति उत्पादन तथा घरधुरी प्रमाणीकरण (POHVI) सम्पन्न भएका र पेल्ट्रिक सेट/तथा पिको जलविद्युत आयोजनाहरुको हकमा एक वर्षे प्रत्याभूति जाँच हुन बाँकी रहेका सबै आयोजनाहरुको अन्तिम अनुदान रकम भुक्तानी/फरफारक वा कार्य सम्पादन जमानत फुकुवा गर्न देहाय बमोजिमका कागजातहरु संलग्न गरी सूचना प्रकाशित भएको मितिबाट १२० दिनभित्र यस केन्द्रमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि अन्तिम पटक यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधिभित्र पेश नभएका आयोजनाहरुको हकमा अनुदान रकम भुक्तानीको लागि यस केन्द्र जवाफदेही नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ। अनुदान रकम लिन बाँकी रहेका आयोजनाहरुको नामावली तथा एक वर्षे प्रत्याभूति जाँचको नमुना फाराम केन्द्रको वेबसाइट www.aepc.gov.np मा राखिएको छ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :-**

१. सम्बन्धित आयोजनाको एक वर्षे प्रत्याभूति जाँचको पूर्ण विवरण सहितको फाराम
२. सम्बन्धित उपभोक्ता समितिको निर्णयको माइन्युट र सन्तुष्टिपत्र
३. आयोजनाका मुख्य संरचनाहरुको फोटोहरु
४. स्थानीय तहको सिफारिस पत्र (संलग्न ढाँचा बमोजिम)

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**मध्यबानेश्वर काठमाण्डौ।**
**फोन : +९७७१-४४९८०१३,४४९८०१४**
**पोष्ट बक्स नं. १४३६४, वेब साइट : www.aepc.gov.np**